निर्णयहरु :-

निर्णय नं. १. जिल्लाका सबै पालिकाहरुमा कोभिड-१९ को संक्रमण भइरहेको, संक्रमण दर उच्च नै रहको, मृत्यु हुनेको संख्या पनि वृद्धि हुँदै गएकोले अझै केही समय निषेधाज्ञा गरी संक्रमणको नियन्त्रण, रोकथाम तथा संक्रमितको उपचार गर्नुपर्ने भएकोले मिति २०७८/०३/०३ गते बिहान ०० : ०१ बजेदेखि मिति २०७८/०३/१० गते राती १२ : ०० बजेसम्म तपसिल बमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्ने ।

## तपसिल :-

क) **सर्वसाधारणको आवतजावत सम्बन्धमा ।**

१) अत्यावश्यक काममा (औषधी खरिद, उपचार, खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको खरिद) बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । अत्यावश्यक वस्तु तथा सेवाको खरिदका लागि निस्कनै पर्ने भए अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

ख) **अत्यावश्यक खाद्य सामग्रीको सम्बन्धमा ।**

१) खाद्यान्न लगायत अत्यावश्यक उपभोग्य वस्तु, तरकारी, फलफूल, माछा/मासु, दाना, एग्रोभेट, दुध डेरी, खाना पकाउने ग्याँस पसलहरु दैनिक बिहान ६ : ०० बजेदेखि बिहान ११ : ०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

ग) **सभा सम्मेलन तथा सामाजिक कार्य सम्बन्धमा ।**

१) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, व्यूटी पार्लर, पुस्तकालय, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाई क्रियाकलाप, समूहमा खेलिने खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम गर्न नपाइने ।

२) विवाह/व्रतबन्ध/पास्नी को हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

३) विवाहको हकमा १ वटा सवारी साधन (बढीमा ५ जना सवार हुन पाउने) प्रयोग गर्ने गरी व्यानरका आधारमा सञ्चालन गर्न पाउने ।

४) मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिइ बस्ने खालका कार्यक्रम गर्न नपाइने ।

५) कोभिड-१९ वा जुनसुकै कारणले कुनै व्यक्तिको मृत्यु भएमा सो को मृत्यु संस्कारमा अधिकत्तम १५ जना भन्दा बढी सहभागी हुन नपाइने ।

घ) **सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा ।**

१) सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०३/०३ गते बिहान १ : ०० बजेदेखि मिति २०७८/०३/१० गते राती १२ : ०० बजेसम्म सल्यान जिल्लाभर रोक लगाउने ।

२) अत्यावश्यक सेवाहरु जस्तै : एम्बुलेन्स, खानेपानी, विद्युत तथा दुरसंचार मर्मत, स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिण्डर ढुवानी, डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न सकिने ।

३) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, कुखुराको दाना, चल्ला पशुपंक्षीजन्य पदार्थ, भेटेरीनरी सम्बन्धी कार्य, इन्धन, खाना पकाउने ग्यासँ, रासायनिक मल, विरुवा, खसीबोका ढुवानीका लागि यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

४) झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्य तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने ।

५) सार्वजनिक निर्माणको हकमा आवश्यक पर्ने निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

६) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, पासपोर्ट तथा भिसाको आधारमा सवारी साधनलाई सहजीकरण गर्ने ।

७) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित मिडिया हाउसले जारी गरेको परिचयपत्रमा आधारमा आवतजावत गर्न दिने ।

ङ) **कार्यालय/बैंक सञ्चालन सम्बन्धमा ।**

१) जिल्लामा सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापकीय कार्य गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।

२) जिल्लामा रहेका बैंकहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गरी नियमित रुपमा सञ्चालन गर्न पाइने ।

३) सरकारी कार्यालय, बैंक, दुरसञ्चार, अन्य सेवा प्रदायक संस्थाका सवारी साधनको हकमा आफ्नो परिचय पत्र, कार्यालयको पत्र, स्थानीय तहको प्रयोजन स्पष्ट भएको सिफारिस पत्रको आधारमा जिल्लाभित्र आवतजावत गर्न दिइने ।

च) **अत्यावश्यक कार्यका लागि सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट गरिने सहजीकरण ।**

१) मृत्यु संस्कारका लागि जानुपर्ने/फर्कनुपर्ने अवस्थामा व्यक्तिको निवेदन सहित सम्बन्धित वडाले सिफारिस पेश गर्नुपर्ने ।

२) बिरामीले एम्बुलेन्स बाहेकका अन्य सवारी साधन प्रयोग गर्नुपर्ने अवस्था भए व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सवारी साधन प्रयोग गर्न सकिने ।

३) बिरामीको भर्ना कार्डका आधारमा १ जना बिरामी कुरुवाले आवतजावत गर्न पाउने ।

४) बिरामीको थप उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था भए बिरामीको रिफर कार्ड, भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित कार्यालयमा नै उपस्थित भई निवेदन पेश गर्नुपर्ने ।

५) बुँदा नं. १) र ४) बाहेक अन्य कुनै पनि कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी नहुने । साथै व्यानर वा प्रिन्टमा विषय उल्लेख गरे बाहेकको प्रयोजनका लागि सवारी साधन प्रयोग भए/गरेको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा २१ बमोजिम कारवाही गरिने ।

छ) **औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समय निर्वाध रुपमा सञ्चालन गर्न पाइनेछ ।**

ज) **होटल, रेष्टुरेन्ट, खाजा नास्ता पसल, शैलुन, ब्यूटी पार्लर बाहेकका अन्य पसल व्यवसाय स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी बिहान ६ : ०० बजेदेखि बिहान ११ : ०० बजेसम्म सञ्चालन गर्न पाइनेछ ।**

**निर्णय नं. २ :** स्वास्थ्य सेवा कार्यालय, सल्यानमा मौज्दात रहेको र हाल प्राप्त भएको कोभिशिल्ड भ्याक्सिन यसअघि पहिलो मात्रा लगाएकालाई मिति २०७८/०३/०२ गतेदेखि सल्यान जिल्ला अस्पतालबाट दोस्रो मात्रा खोप लगाउने व्यवस्था स्वास्थ्य सेवा कार्यालय, सल्यानले मिलाउने ।